**Journal of Bhuwanishankar (JoBS)**
**A Peer Reviewed Research Journal**
ISSN: 2961-1938 (Print), 2961-1946 (Online)

# नेपाली धातुमा संस्कृत धातुको प्रभाव

**भवानीशङ्कर भट्टराई***

Received: April 12, 2022 Accepted: June 18, 2022

**लेखसार**

*प्रस्तुत लेखमा नेपाली धातुरचनाको संस्कृतस्रोत (तत्सम एवम् तद्भव) बाट नेपाली भाषामा कति धातु प्रयोग हुन आएका रहेछन् ? यस्ता धातुहरू केके रहेछन् भन्ने विषयलाई उठान गरिएको छ। यस क्रममा मुख्यतः नेपाली धातुरचनामा संस्कृत धातुहरूको प्रभाव, संस्कृत र नेपाली धातुमा रहेका समानता तथा असमानतालाई उपस्थापन गरी तिनीहरूबारे विश्लेषण गरेर निष्कर्ष निकालिएको छ। यहाँ विषय विश्लेषणको आधार संस्कृतको 'पाणिनीय धातुपाठ'लाई र नेपालीको चाहिं परम्परागत नेपाली व्याकरणबाट निर्धारित धातुस्वरूप (नु लगाउन मिल्ने धातु) लाई बनाइएको छ। यहाँ यिनै आधार भूमिमा टेकेर तुलनात्मक एवम् वर्णनात्मक विधि-पद्धतिबाट विषयविश्लेषण गरिएको छ।*

*धातुमा विभिन्न प्रत्यय गाँसिएर बन्ने क्रियापदले विभिन्न काल र पक्ष, भाव, वाच्य, ध्रुवत्व आदिलाई बताउँछ तसर्थ क्रियाबाट बोध्य अर्थको मूलआधार धातु हो। धातुको यही मूल अर्थमा कालबोधक प्रत्यय थपिँदा कालबोधक क्रिया र भावबोधक प्रत्यय थपिँदा चाहिँ भावबोधक क्रिया बन्दछन्। यसरी नै अन्य क्रियाको संरचना पनि तयार हुन्छ। अतः क्रियाले दिने अर्थ- काल र यसका पक्ष, भाव, वाच्य, ध्रुवत्व आदि मात्रै हुन्। प्रत्ययसँग मिसिनुपूर्वको धातुले निर्धारित अर्थलाई धारण एवम् परिपोषण गर्ने भएकाले धातुको धारण र पोषण अर्थ (धीयतेऽर्थः यस्मिन् स धातुः) सार्थक छ। नेपालीमा प्रयोगरत तत्सम धातुहरूमा खासै समस्या नभए पनि तद्भव धातुहरूमा भने धेरै ठाउँमा संशय देखिन्छ। आंशिक परिवर्तन भएर नेपाली धातु बन्ने क्रममा कतै एउटै संस्कृत धातुबाट अनेकौं तद्भव धातु निर्माण भएको दाबी गरिएको, कतै एउटै संस्कृत धातुबाट एउटामात्र नेपाली धातु बनेको भनिएको, कतै नेपाली धातुको स्वरूपसंग मिल्न खोजेका आधारमा पनि यसको संस्कृत स्रोत यही हो भनेर किट्ने गरिएको लगायतका समानता र निकटतासम्बन्धी विविधता/समस्या देखिएका छन्। उदाहरणका रूपमा छाड्, दि, उघार्, दाउ, घुसार्, मिलाउ, चुन्, काट् आदिलाई लिन सकिन्छ। यस्ता धातुमध्ये कतिपयको संस्कृतस्रोत अनुसन्धेय, शङ्कास्पद र विवादित मानिएको छ र पनि यिनीहरूलाई बहुसङ्ख्यकद्वारा तद्भव धातु मान्ने गरिएको छ। नेपालीमा प्रयोग भइरहेका तेस्रो वर्गका धातुहरू अनुकरणमूलका छन्, खनखनाउ, गडगडाउ, थरथराउ, टकटकाउ आदि यसका उदाहरण हुन्। चौथो वर्गका धातु कति आगन्तुक र कति चाहिँ स्रोत पत्ता नलागेका छन्, यिनीहरूमध्येका स्रोत नखुलेका कतिपय धातु प्राकृत र अपभ्रंश स्रोतका हुन् भनी अनुमान गरिएको छ। अटाउ, छाड्, टिक्, ठोक्, ठेल् आदि धातु कुन भाषिक स्रोतबाट आएका हुन् भन्नेबारे अहिलेसम्म पनि स्पष्ट हुन सकेको छैन। घुराउ, लड्खडाउ, गम् (विचार गर्नु, गम्नु अर्थ भएको) जस्ता धातु चाहिं नेपालीमा हिन्दी लगायतका आगन्तुक स्रोतबाट आएका हुन्। यस्ता चार स्रोत (कतै पाँच स्रोतको पनि चर्चा पाइने) का धातुहरूको निर्मितिमा बनेका नेपाली समापिका क्रियाहरूको कुल सङ्ख्या करिब १७ लाख छ भनी अनुसन्धाता लोकमणि पौडेलले क्रियापद (२०७६) नाउँको पुस्तकमा उल्लेख गरेका छन्। नेपाली धातुका स्वरूपमात्र नभएर अर्थ पनि संस्कृत धातुसँग दुरुस्त मिल्ने उदाहरण नेपाली परम्परामा प्रशस्त पाइन्छन्। संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै नेपालीमा आइपुग्दा कतिपय धातुका अर्थमा अंशतः परिवर्तन भएका पनि देखिन्छन्, यसरी अर्थादेश, अर्थविस्तार, अर्थसङ्कोच, अर्थोत्कर्ष र अर्थापकर्ष भएका नेपाली धातुहरू भाषा तथा वाङ्मयमा धेरै नै प्रयोग अवस्थामा छन्। तसर्थ नेपाली धातुरचनामा संस्कृत धातुहरूको प्रत्यक्ष प्रभाव देख्न सकिन्छ।*

***शब्दकुञ्जी***: अनुदात्त, अर्थापकर्ष, अर्थोत्कर्ष, प्रातिपदिक, धातुपाठ।

* *भवानीशङ्कर भट्टराई, पि.एच.डि. ने.सं.वि., पिण्डेश्वर विद्यापीठ धरानमा व्याकरणविभागका सह प्राध्यापक हुनुहुन्छ।*

**विषयपरिचय**

नेपाली भाषामा प्रयोग हुँदै आएका खन्, गल्, दल्, रुच् रच् आदि धातुहरू तत्सम प्रकृतिका देखिन्छन् । त्यस्तै कम्प > काँप्, गण् > गन्, दा > दि, भञ्ज् > भाँच्, शिक्ष् > सिक् आदि धातु तद्भव मूलका देखिन्छन् । यीबाहेक फट्फटाउ, बकबकाउ, भकभकाउ जस्ता अनुकरणमूलका नामधातु, गर्, जा, गोद्, उठ्, टोक् आदि स्रोत पत्ता लाग्न बाँकी रहेका धातु, संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै निकै नै बदलिएर नेपालीमा आइपुगेका धातु, अङ्ग्रेजी, अरबी वा त्यस्तै अन्य विदेशी भाषाबाट बदलिँदै नेपालीमा आएर लामो समयपछि रैथाने बनेका धातुहरू नेपाली प्रयोगमा प्रशस्त पाइन्छन् । तसर्थ नेपाली धातुको स्रोतपहिचान एउटा गहकिलो अनुसन्धानको विषय बन्न सक्ने देखिन्छ । नेपाली क्रियाका यी विभिन्न पक्षबारे विभिन्न माध्यमबाट अध्ययन अनुसन्धान भए पनि हालसम्म नेपाली धातुका स्रोतबारे खासै चर्चा हुन सकेको देखिँदैन । अतः संस्कृत मुहान (स्रोत) बाट नेपालीमा प्रयोग हुन आएका तत्सम एवम् तद्भव मूलका धातुहरूको पहिचान, वर्गीकरण र विश्लेषणलाई अध्ययनीय समस्या बनाइएको छ ।

नेपाली भाषामा प्रयुक्त अधिकांश शब्द/प्रातिपदिक तत्सम र तद्भव स्रोतका पाइएझैं नेपाली धातुहरू पनि धेरै तत्सम तथा तद्भव प्रकृतिका देखिएका छन् । यी धातुहरूको जेजस्तो अर्थ संस्कृतमा थियो प्रायः त्यही र कतिमा तत् सन्निकट अर्थ नेपालीमा पनि देखिएको छ । संस्कृतबाट प्राकृत तथा अपभ्रंश हुँदै नेपालीमा आइपुग्दाको दीर्घयात्रामा कतिपय धातुहरूमा स्वरूपगत तथा अर्थगत परिवर्तन पनि नपाइएका होइनन् । यसरी अर्थमा बदलाब आएर कतै अर्थोत्कर्ष, कहीं अर्थापकर्ष, कति ठाउँमा अर्थविस्तार र कतै अर्थसङ्कोच पनि भएका छन् । यस किसिमले संस्कृतबाट नेपाली धातु बन्ने क्रममा ती धातुहरू स्वरूपका दृष्टिले के कति परिवर्तित भए ? कति यथावत् रहे भन्ने कुराको दिग्दर्शन गराउँदै समान प्रकृतिका नेपाली तथा संस्कृत धातुका अर्थमा पाइने समानता-असमानता केलाउनु यस आलेखको उद्देश्य रहेको छ ।

**समस्या**

प्रस्तुत लेख निम्न समस्यामा केन्द्रित रहेको छ ः

क) नेपाली धातुमा संस्कृत धातुको के-कस्तो प्रभाव देख्न सकिन्छ ?

ख) नेपाली धातु र संस्कृत धातुमा के-कस्ता समानता-असमानता देखिन्छन् ?

**उद्देश्य**

यो लेख निम्न उद्देश्यमा आधारित रहेको छ ः

क) नेपाली धातुमा संस्कृत धातुको प्रभाव निरूपण गर्नमा,

ख) नेपाली र संस्कृत धातुका समानता-असमानता केलाउनमा,

प्रस्तुत लेखमा यिनै समस्या र उद्देश्यमा केन्द्रित रही वाञ्छित उद्देश्य प्राप्त गर्ने प्रयत्न गरिएको छ । यस उद्देश्यका लागि तुलनात्मक सिद्धान्तको प्रयोग गरी दुई भाषाका शब्दगत तथा अर्थगत तहको तुलना गरिएको छ ।

**पूर्वकार्यको समीक्षा**

नेपाली व्याकरण लेखन परम्परामा क्रियापदको स्वरूप, यसका प्रकार, यसका कार्य, क्रियापदको संख्या आदिबारे- *नेपाली धातु परिचय* (२०३४, लेखक महानन्द सापकोटा) *नेपाली क्रियाका अर्थतात्त्विक र वाक्यतात्त्विक आयामहरू*

(२०६५, चक्रपाणि खनाल), *क्रियापद* (२०७६, लोकमणि पौडेल) लगायतका पुस्तक प्रकाशन गरिएको, दर्जनौं लेख लेखिएको तथा व्याकरणका सबै जसो पुस्तकमा प्रासङ्गिक चर्चा गरिएको भए पनि नेपाली धातुको स्रोत, यसको स्वरूप, कालभेद तथा स्थानभेदले धातुको अर्थमा देखिने परिवर्तन, यसको संरचनामा देखिएको क्रमिक बदलाव र कतिपय धातुमा देखिएको यथास्थितिबारे स्पष्ट र वस्तुगत व्याख्या गरिएको पाइँदैन । वर्तमान नेपाली व्याकरणहरूको आधारग्रन्थ चन्द्रिका व्याकरणको पृ.१४८ देखि १७८ सम्म क्रियापदबारे व्यापक चर्चा गरिएको छ। त्यहाँ धातुका प्रकार, प्रधान क्रियापद, प्रयोजक धातु आदि शीर्षकहरूमा धातुलाई वर्गीकरण र विश्लेषण गरिएको भए पनि नेपाली धातु कुन-कुन स्रोतबाट के-कसरी आजको अवस्थासम्म आइपुगे भन्ने विषयलाई महत्त्व दिइएको छैन । त्यसपछिका महत्त्वपूर्ण व्याकरण कृतिहरू- सोमनाथ सिग्द्यालकृत *मध्यचन्द्रिका* (१९७६) मोहनराज शर्मा रचित *शब्दरचना र वर्णविन्यास (२०३६),* नरेन्द्र चापागाईकृत *व्यावहारिक व्याकरण र रचना* (२०४५), चूडामणि बन्धुको सम्पादकत्वमा धेरै जना विद्वान्को लेख सङ्कलन गरी प्रकाशन गरिएको *नेपाली व्याकरणका केही पक्ष* (२०४५) (माधव पोखेलको लेखमा प्रासङ्गिक चर्चाबाहेक) लगायतका पुस्तक तथा लेखहरूमा नेपाली धातुका स्रोतबारे खासै उल्लेख पाइँदैन । हेमाङ्गराज अधिकारीरचित *समसामयिक नेपाली व्याकरण (२०४९),* ईश्वरकुमार श्रेष्ठद्वारा लिखित *नेपाली व्याकरण : केही पक्षको सरलीकृत चर्चा* (२०५९) लगायतका आधुनिक पुस्तकहरूमा पनि नेपाली धातुको स्रोत के हो भन्ने विषयमा चर्चा गरिएको छैन । यसैगरी अन्य नेपाली वैयाकरणहरू- तारानाथ शर्मा, महादेव अवस्थी, देवीप्रसाद गौतम आदिले पनि मूलतः पाठ्यपुस्तकको सहयोगी ग्रन्थका रूपमा र अंशतः शास्त्रीय विषयबारे चर्चा गर्ने उद्देश्यले विभिन्न समयमा अनेकौं व्याकरण कृति लेखेका छन्, तर ती कुनै पनि कृतिमा नेपाली धातुका स्रोतबारे चर्चा गरिएको छैन । यीबाहेक भाषाविद् महानन्द सापकोटाद्वारा २०३३ सालमा प्रकाशित *धातुपरिचय* पुस्तकमा नेपाली धातुको स्रोतबारे चर्चा गरिएको भन्ने सुन्नमा आएको भए पनि उक्त पुस्तक उपलब्ध हुन सकेन ।

त्यसो त नेपाली धातुका स्रोत केके हुन् भन्नेबारे केही भाषाविद् र वैयाकरणले विभिन्न ठाउँमा सामान्य चर्चा गरेका छन् । यहाँ उनीहरूले उठाएका कुरालाई कालक्रमिक क्रमले जस्ताको तस्तै उद्धरण गरिएको छ :

क) गोपाल पाण्डे असीमले आफ्नो व्याकरण कृति *रचना केशर (२०२९)* मा नेपालीमा प्रयोग हुँदै आएका धातुहरूमध्ये केही तत्सम तथा केही तद्भवस्रोतका छन् भन्दै १५-२० वटा धातुका दरले दुवैका उदाहरण प्रस्तुत गरेका छन्, तीमध्ये- कथ् (सं.) > कथ् (नेपा.), खन् > खन्, घुर् > घुर्, दल् > दल्, रुच् > रुच् आदिलाई तत्समस्रोतीय र कण् (सं.) > कन् (आंशिक परिवर्तित), कम्प् > काँप्, गण् > गन्, छर्द् > छाद्, दा > दि, शिक्ष् > सिक्, भञ्ज् > भाँच्, मन्थ् > मथ् आदिलाई तद्भवस्रोतीय नेपाली धातु भनी उल्लेखमात्र गरेका छन् (पाण्डे, २०२९ : ३-४) ।

ख) चूडामणि उपाध्याय रेग्मीले *नेपाली भाषाको उत्पत्ति* (२०३२) नाउँको पुस्तकमा नेपाली धातुलाई यौगिक र मूलधातु गरी दुई प्रकारमा विभाजित गरी मूलधातुलाई तद्भव साधारण (बोल्,चढ्, ढुक् आदि) र उपसर्ग सहित (पखाल्, बिगार्, उब्ज् आदि), तत्सम र अर्धतत्सम (गल्, चल्, खन् आदि), प्रेरणार्थक तद्भव (उघार्, छाउ, काट् आदि) तथा व्युत्पत्ति स्पष्ट नभएका धातुहरू (अटाउ, छाड्, टिक्, ठोक्, ठेल् आदि) गरी चार प्रकारमा अनि यौगिक धातुलाई प्रेरणार्थक आउ प्रत्ययान्त (गराउ, बसाउ, सुनाउ आदि), नामधातु (चोराउ, दुःखाउ, कमाउ आदि), संयुक्त धातु (पछुताउ, उकास्, हकार्, पछार् आदि) तथा ध्वन्यात्मक र व्युत्पत्ति स्पष्ट नभएका

धातुहरू (खनखनाउ, गडगडाउ, थरथराउ, टकटकाउ आदि) गरी पाँच प्रकारमा विभाजित गरेका छन् (रेग्मी, २०३२ : १६७) ।

ग) रोहिणीप्रसाद भट्टराईद्वारा रचित *बृहत् नेपाली व्याकरण* (२०३३) को परिशिष्ट-४ मा नेपाली धातुनिर्माणका विभिन्न प्रक्रिया र केही विशेषता शीर्षकमा नेपाली धातुहरू संस्कृतबाट प्राकृत हुँदै केही तत्समका रूपमा, केही तद्भवका रूपमा, केही सोझै, केही संस्कृत व्याकरणमा झैं नाममा प्रत्यय जोडिएर, कुनै प्रत्यय नजोडिईकन, केही अनुकरणात्मक शब्दबाट र केही अन्य भाषाका शब्दबाट आएका छन् भनिएको छ र त्यहाँ त्यस्ता धातुहरूलाई संस्कृतबाट तत्समका रूपमा नेपालीमा आएका, तद्भवका रूपमा आएका, नामधातुका रूपमा आएका आदि ६ प्रकारमा विभाजन गरिएको छ। त्यसपछि तत्सम स्रोतीय धातु भनेर गम् (सं.) > गम् (नेपा.), लड् > लड्, रिङ् > रिङ्, लेट् > लेट्, खट् > खट् आदिलाई र तद्भवस्रोतीय धातु भनेर क्रन्द् (सं.) > कराउ (आंशिक परिवर्तित), खष् > खस्, स्खल् > खसाल्, चुण्ड् > चुडाल्, त्रस् > त्रास्, दुह् > दुहु, निगिल् > निल्, पिष् > पिँध् लगायतलाई उदाहरण मानिएको छ। यही उनले नेपाली धातुलाई सिद्ध र साधित गरी दुई प्रकारमा विभाजित गरी गर्, भन् आदि बनोट थाहा नपाइने धातुलाई सिद्ध मूलधातु र प्रत्यय लागेर बनेका निदाउ, घिनाउ, निम्त्याउ आदिलाई साधित मूलधातु भनेर वर्गीकरण गरेका छन् ।(भट्टराई, २०३३ : ५९६) ।

घ) भाषाविद् माधवप्रसाद पोखेल 'नेपाली सरल र संयुक्त क्रिया' शीर्षकको लेख (*नेपाली व्याकरणका केही पक्ष* नाउँको संकलन-२०४५ मा प्रकाशित लेख) मा क्रियापदहरूको चर्चाप्रसङ्गमा नेपाली धातुका स्रोतबारे १-२ वाक्यमा विषय उठान गर्दछन् । उनी त्यहाँ लेख्छन्- नेपाली धातु उद्भवका आधारमा तत्सम (खा, बस्, कथ् जस्ता), तद्भव (गर्, लेख्, पिउजस्ता) र अनुकरणात्मक (हुर्काउ, सरसराउ जस्ता) गरी तीन किसिमका छन् (पोखेल, २०४५ : ५३) ।

ङ) भाषाविद् नरेन्द्र चापागाईंले *शब्द, वाक्य र अभिव्यक्ति* (२०५१) नाउँको पुस्तकमा नेपाली धातुलाई स्वरूपका आधारमा मूलधातु र व्युत्पन्नधातु गरी मूलतः दुई प्रकारमा विभाजित गरेका छन् । यस क्रममा उनले कुनै शब्दांश वा प्रत्यय नलागी बनेका धातुलाई मूलधातु मानेर यसका पनि अकर्मक (सुत्, बस्, उठ् आदि) एवम् सकर्मक (देख्, बोल् तिर् आदि) दुई उपभेद देखाएका छन् । त्यस्तै कुनै शब्दांश वा प्रत्यय लागेर बनेका धातुलाई व्युत्पन्न मान्दै यसका प्रेरणार्थक (खुवाउ, बसाउ, पढाउ आदि), भाववाचक (रु, सुत्, उठ् आदि), कर्मवाचक (खा, दि, पढ् आदि), अनुकरणवाचक (झल्क, झुल्क थरथराउ आदि) एवम् नामधातु (रोगाउ, भोकाउ आदि) गरी पाँच भेद बताएका छन् (चापागाई, २०५१ : १८४) ।

यसरी विभिन्न भाषाविद् र वैयाकरणहरूले नेपाली धातुबारे अनेकौं कोणबाट चर्चा गरेर पनि नेपाली धातुका स्रोतबारे खासै उल्लेख गरेको पाइँदैन । उल्लेखकर्ताहरू- गोपाल पाण्डे असीम, चूडामणि उपाध्याय रेग्मी, माधव पोखरेल, रोहिणीप्रसाद भट्टराईले पनि प्रस्तुत विषयमै केन्द्रित नभई प्रसङ्गवश सङ्क्षेपमा मात्र यस विषयको उठान गरेका छन्, त्यसैले नेपाली धातुको स्रोतपहिचान शोध्य विषय बन्न पुगेको छ र जिज्ञासुहरुका लागि यो आवश्यक पनि देखिएको छ, अतः यसै प्रयोजनको परिपूर्तिका लागि नेपाली धातुका सम्भावित धेरै स्रोतमध्येको संस्कृतस्रोतबारे यहाँ सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ।

## औचित्य र महत्त्व

धातुमा प्रत्यय लागेर बनेका क्रियापद नेपाली भाषामा करिब २५ लाखको हाराहारीमा रहेका र त्यस्ता क्रियामध्ये

करिब १७ लाख समापिका एवम् ८ लाख असमापिका (कृदन्त) छन् भन्ने कुरा *क्रियापद* (२०७६) पुस्तकका लेखक लोकमणि पौडेलले उल्लेख गरेका छन् । तीमध्ये करिब २० प्रतिशत क्रिया तत्सम एवम् तद्भवमूल धातुबाट बनेको बुझिएको छ । यति भएर पनि तिनीहरूबारे आजसम्म खासै अनुसन्धान भएको देखिँदैन । प्रायः भाषिक अनुसन्धाताहरू संस्कृत र नेपालीका भाषिक संरचनाको तुलना गर्दा प्रातिपदिकमै केन्द्रित रहने गरेका छन् । यसरी यति धेरै धातुहरूको प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव नेपालीमा रहेकाले तिनीहरूमाथि अनुसन्धान हुनु नितान्त जरुरी देखिएको छ । यसर्थ प्रस्तुत लेख उक्त आवश्यकताको परिपूर्ति प्रयोजनार्थ तयार गरिएको हो । यस अनुसन्धानले नेपालीमा प्रातिपदिक मात्र नभएर धातुहरू पनि संस्कृत धातुहरूबाट प्रत्यक्ष परोक्ष प्रभावित छन् भन्ने पुष्टि गरेको छ । यो भाषिक अनुसन्धाताहरूका लागि आवश्यक समेत रहेको हुँदा प्रस्तुत अनुसन्धान औचित्यपूर्ण देखिएको छ । नेपाली धातुहरूमाथि अनुसन्धान गर्न, तुलना गर्न र नेपाली धातुहरूको महत्त्व प्रकाशित गर्न यो आवश्यक रहेकाले पनि प्रस्तुत अनुसन्धानको महत्त्व रहेको छ ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत लेख निर्माणका मूल सैद्धान्तिक पर्याधार भाषाविज्ञानका तुलनात्मक तथा वर्णनात्मक पद्धति हुन् । भाषाविद् चूडामणि बन्धुका अनुसार तुलनात्मक पद्धति भनेको विभिन्न भाषाका अनेक पक्ष वा एउटै भाषाका विभिन्न भाषिकाहरू बिच तुलना गर्ने र ती भाषा वा भाषिकाका बिचको सम्बन्धबारे निर्णयमा पुग्ने पद्धति हो.... तुलनाका लागि विभिन्न भाषाका वा भाषिकाका शब्द छान्दा सजातीय शब्द छानिन्छन् (बन्धु,२०५० : १५५) । यसरी तुलनात्मक पद्धतिको सैद्धान्तिक पर्याधारमा संस्कृत पाणिनीय धातुपाठमा निर्दिष्ट धातु र नेपालीमा प्रचलित धातुहरूलाई स्वरूप-संरचनाको शाब्दिक तहमा तुलना गरी ती दुई भाषाका सन्निकट चलहरु बिच साम्यवैषम्य देखाउने काम गरिएको छ । तुलना, अर्थ निर्धारण तथा व्याख्या विश्लेषणमा मूलतः वर्णनात्मक पद्धतिको प्रयोग गरिएको छ ।

## सामग्रीसङ्कलन र विश्लेषणविधि

प्रस्तुत लेखनिर्माणमा मूलतः पुस्तकालयीय स्रोतबाट द्वितीयक र संस्कृत धातुका परिवर्तित अर्थ पर्गेल्ने सन्दर्भमा प्राथमिक स्रोतीय सामग्री लिइएका छन् र ती सामग्रीहरूलाई तुलनात्मक अनुसन्धान विधिका सहसम्बन्धात्मक, कार्यकारणात्मक आदि पद्धतिमार्फत तुलना गरी सम्बद्ध चलहरू बिच साम्यवैषम्य छुट्याउने काम गरिएको छ । तुलनीय विषयहरूको व्याख्या विश्लेषणमा भने वर्णनात्मक-विवरणात्मक-व्याख्यात्मक पद्धतिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । यो अनुसन्धान मूलतः शाब्दिक विश्लेषणमा आधारित रहेकाले गुणात्मक बन्न पुगेको छ ।

## विषयविश्लेषण र तुलना

### धातुको अर्थ र तात्पर्य

धातुको अर्थ के होला भनेर खोजी गर्दै जाँदा संस्कृतको डुधाञ् धारणपोषणयोः धातुसम्म पुग्नु पर्ने हुन्छ । डुधाञ्को पहिलो अर्थ धारण हो । जसरी बाला, औंठी, तिलहरी, मुन्द्री, झुम्का आदि गहनामा स्वर्णत्व उपादान कारण बनेर रहेको हुन्छ त्यसरी नै धातु पनि तीनवटै कालमा, विभिन्न पक्षमा, विभिन्न भावमा, तीनवटै वाच्यमा, ध्रुवत्वमा र अरु पनि अनेकौं प्रकृतिका क्रियामा उपादान बनेर रहेको हुन्छ, यसले यी सबै निमित्त अर्थलाई धारण गर्दछ, यी सबै क्रियाको मूल भनेको धातु नै हो त्यसैले यसको धारण अर्थ सार्थक देखिन्छ । माथिको दोस्रो अर्थ पोषण पनि यसै

सन्दर्भमा लाक्षणिक रूपमा सार्थक छ, किनभने धातुनिर्मित हरेक क्रियामा फल र व्यापार रूप धातुका अर्थ परिपोषित छन् । अधिश्रयण (चुलोमा बसाउनु) देखि अधश्रयण (चुलोबाट निकाल्नु) सम्मका चामल केलाउनु, पखाल्नु, बसाउनु, आगो लगाउनु, चलाउनु, भर्स्याउनु, छोप्नु आदि कार्यव्यापार तथा गलेर भात बन्ने प्रक्रिया (फलप्राप्ति) लाई एकमुष्ठ रूपमा पकाउनु भन्ने गरिएको छ । यसरी धातुबाट बन्ने अनेक क्रिया तथा फल र व्यापार अर्थलाई धातुका अर्थले धारण र पोषण गर्दछन् तसर्थ धातुका धारण र पोषण अर्थ सार्थक छन् ।

धातुको स्वरूप कस्तो हुन्छ भन्ने जिज्ञासालाई संस्कृत आचार्य पाणिनिले 'भूवादयो धातवः'(पा.सू.१-३-१) तथा 'सनाद्यन्ता धातवः' (पा.सू.३-३-३२) सूत्रद्वारा स्पष्ट पारेका छन् । माथिको पहिलो सूत्रमा क्रियावाचक तथा धातुपाठमा पठित भू, एध,गम्लृ आदिलाई धातु मानिएको छ र क्रिया नबताउने (संयोजक) वा,या लाई धातु मानिएको छैन । त्यस्तै दोस्रो सूत्रमा दशगणस्थ धातुमा सन्, क्यच्, काम्यच्, क्यङ्, क्यष्, क्विप्, णिच्, यङ्, यक्, आय, ईयङ् तथा णिङ् यी बाह्र प्रत्यय लागेका धातु हुन्छन् भनिएको छ । यी बाहेक उणादिप्रत्यय, स्वार्थसन् प्रत्यय आदि लगाएर पनि धातु बनाउन सकिने उल्लेख संस्कृत व्याकरणमा पाइन्छ ।

आचार्य पाणिनिले प्रातिपदिकको परिभाषा गर्दा 'अधातुः प्रातिपदिकम्' भनेकाले पाणिनि धातुलाई प्रातिपदिकभन्दा भिन्न मान्दछन् भन्ने कुरा स्पष्ट हुन्छ । साथै यसबाट 'सर्वं नाम धातुजमाह' (सबै शब्द धातुबाट जन्मिएका हुन्) भन्ने आचार्य शाकटायनका मतलाई उनी मान्दैनन् भन्ने पनि स्पष्ट हुन्छ । निरुक्तकार र तत्समकालिक अन्य आचार्यहरूले सबै शब्दको स्रोत धातु हो भन्ने कुरा स्वीकारेका भए पनि परवर्ती कालमा आएर यो मान्यता अस्वीकार्य भयो र धातुज तथा अधातुज (रूढ) शब्द हुन्छन् भन्ने मान्यता विकसित भयो ।

धातुको चर्चा वैदिककालदेखि नै प्रत्यक्ष-अप्रत्यक्ष हुँदै आएको हुन सक्छ तर यसलाई व्याकरणमा प्रथम प्रयोग गर्ने काम चाहिं आचार्य इन्द्रले गरेका हुन् भनी युधिष्ठिर मीमांसक उल्लेख गर्दछन् । (मीमांसक, २०१९ : २३) पहिलो पटक प्रकृतिप्रत्यय विच्छेद गर्ने अवधारणा ल्याएका आचार्य इन्द्रले प्रथम प्रकृति धातुलाई मानेका छन् । सम्भवतः यसै अवधारणामा टेकेर सर्वं धातुजमाहको मान्यता विकसित भएको हुनुपर्दछ । उनीपछिका काशकृत्स्न,आपिशलि आदिले आफ्ना धातुपाठ मार्फत् धातु र यसका अर्थबारे परिचर्चा गरेका छन् । धातुपाठबारे छुट्टै कृति रचना गरी यसलाई प्रकाशमा ल्याउने अर्वाचीन आचार्यहरूमा *धातुपारायण*का रचयिता-पूर्णचन्द्र, *धातुप्रदीप*का रचयिता-मैत्रेयरक्षित, *क्षीरतरङ्गिणी*का रचनाकार-क्षीरस्वामी, *माधवीय धातुवृत्तिका* रचनाकार-सायण, *धातुतरङ्गिणी*का रचयिता-श्रीहर्षकीर्ति, *कविकल्पद्रुमका* रचनाकार-वोपदेव तथा *आख्यातचन्द्रिका*का रचयिता भट्टमल्ल मुख्य देखिन्छन् । आचार्य पाणिनिले पूर्ववर्ती तथा समकालीन आचार्यका धातुग्रन्थहरुलाई स्रोत मानेर १९४३ धातु सङ्गृहीत धातुपाठको प्रकल्पना गरेका छन्, जसलाई उत्तरवर्तीहरूले दशगणमा विभाजित गरेको देखिन्छ ।

आचार्य काशकृत्स्नको धातुपाठलाई आजसम्मको सरल,व्यवस्थित तथा पुरानो मानिएको छ । त्यहाँ पाणिनिले भन्दा सरल तरिकाले धातुज शब्दहरूको निर्माण प्रक्रिया देखाइएको छ, जस्तै- षिहि हिंसायां- सिंहः,ब्रह्+मनिन्≠ ब्रह्म,पृथु व्याप्तौ पृथिवी आदि । (मीमांसक, २०१९ : २६) काशकृत्स्नपछिका भनिएका आचार्य पाणिनिले यी शब्दहरुको सिद्धि गर्दा किन पूर्वाचार्य निर्दिष्ट धातुलाई आधार मानेनन् यो प्रश्न विचारणीय रहेको छ । अथवा महर्षि

पाणिनि आचार्य काशकृत्स्नभन्दा पूर्ववर्ती थिए कि यो विषय वैयाकरण जगत्मा अनुसन्धेय बनेको छ। धातुरचनाको स्रोत लोक पनि हुन सक्छ। नेपालीमा सुकेका पात झर्ने प्रक्रियालाई भनिने अनुकरणात्मक शब्द उपलब्ध छैन, तर संस्कृतमा पत्पत् भनिन्थ्यो भनेर *हिन्दी शब्दानुशासन*का लेखक किशोरीदास वाजपेयीले उल्लेख गरेका छन्। त्यसैबाट पत्लृ पतने-पत्धातुको निर्माण भएको हो भन्ने उनको तर्क रहेको छ। (वाजपेयी, २०२३ : ३९८) नेपालीमा पनि अनुकरणमूलबाट जन्मिएका नामधातुहरू थुप्रै भेटिन्छन्, जस्तै- मर्मराउ-मर्मराउँछ, हुर्हुराउ-हुर्हुराउँछ, छट्पटाउ-छट्पटाउँछ आदि। यसरी संस्कृतमा पनि अनुकरणमूलबाट निकै धातु बनेका देखिन्छन्,जस्तै- हिक्क अव्यक्ते शब्दे- हिक्कति, चुक्क व्यथने- चुक्कयति, छ्युङ् गतौ- छ्यवते, चिट् परिप्रैष्ये- चेटति, डीङ् विहायसा गतौ- डीयते/उड्डीयते, गुङ् अव्यक्ते शब्दे- गवते, आदि। यी र यस्ता प्रकृतिस्रोतबाट निर्मित थुप्रै धातुहरू संस्कृतमा पनि देखिन्छन्, त्यसैले धातुनिर्माणको स्रोत प्रकृति पनि हो भन्न सकिन्छ।

मानव मुखावयवबाट निःसृत प्रथम पद धातु नै थियो भन्ने एकथरीको धारणा देखिन्छ। उनीहरू भन्छन्- नवजात शिशुले निकाल्ने आवाज,चलाउने हातगोडा आदि सबै क्रिया प्रतिक्रिया हुन्। यी सवैको स्रोत धातु निष्पन्न क्रियालाई नै मान्नुपर्दछ। यस अवधारणालाई सर्वं धातुजमाहको मान्यताले पनि परिपोषित गरेको छ। शब्द र धातुमध्ये कुन पहिले जन्मियो होला भन्ने जिज्ञासा छुट्टै अनुसन्धानको विषय हो, यसलाई थाती राखेर मानव सभ्यतासँग धातुलाई जोड्ने हो भने मनुष्यले भाषा बनाएर वाग्व्यवहार चलायो र विचारहरूलाई एक आपसमा आदान प्रदान गर्न सिक्यो। भाषाले पनि सङ्केतद्वारा व्यवहार सञ्चालनरत वनमानुषलाई पशुबाट छुट्याएर मनुष्यत्व दियो, तसर्थ भाषा र मानव परस्परमा अन्योन्याश्रित हुँदै सभ्यताको बिहानीसँगै जन्मिएर विकसित भएका हुन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

**संस्कृत तथा नेपाली धातुको पहिचान**

क्रियाबोधनसामर्थ्य भएका भू-पठ्-गम्लृप्रभृतिलाई पाणिनीय व्याकरणले धातु मानेको छ। यस कुरालाई पाणिनीय सूत्रका व्याख्याता वरदराज भट्टाचार्यले भूवादयो धातवः सूत्र व्याख्यानक्रममा स्पष्ट पारेका छन् (क्रियावाचिन भूवादयो धातुसंज्ञाः स्युः ≠ वरदराजः, १९९७ : ४८) त्यस्तै पाणिनीय व्याकरणमा सन् क्यच् काम्यच् आदि प्रत्यय लाग्ने सामर्थ्य भएका स्वरूपलाई पनि धातु मानिएको छ। यी बाहेक तङ्प्रत्याहार (तिबादि र त आताम् आदि) लाग्न सक्ने सामर्थ्यलाई पनि संस्कृत धातु हुनुको अभिलक्षण मान्न सकिन्छ।

नेपाली धातुको पहिचान भने कुनै पनि पदस्वरूपमा 'नु' लगाएर गर्ने गरिएको छ। यदि कुनै पनि पदमा प्रत्यय झिकेपछि बाँकी रहने अंशमा अर्थतात्त्विक दृष्टिले नु लगाउन मिल्छ भने त्यो धातु हो र यदि मिल्दैन भने त्यो चाहिं अधातु (प्रातिपदिक) हो भन्ने नेपाली भाषाविद्हरूको भनाइ रहेको छ । यस कुरालाई मोहनराजशर्मा यसरी स्पष्ट पार्दछन्- कुनै शब्दमा गाँसिएका सबै प्रत्ययहरू झिकेपछि बाँकी रहेको अंशमा नु कृत् प्रत्ययको वितरण हुन्छ भने त्यो धातु हो, जस्तै : बस्-बस्नु, लेख्-लेख्नु आदि (शर्मा, २०६२ : ८२) माथिका आधारहरूको विश्लेषण गर्दा संस्कृतमा भन्दा नेपालीमा धातुपहिचानका आधारहरू अलि बढी आधारपूर्ण एवम् स्पष्ट छन् भन्न सकिन्छ।

**संस्कृत धातुबाट नेपाली धातुरचना**

नेपाली धातुमा प्रयोग हुने थुप्रै धातुका स्वरूप संस्कृत धातुका अनुबन्धवर्णमुक्त प्रकृतिसँग मिल्दाजुल्दा देखिन्छन्। संस्कृतलाई नेपालीको माउभाषा मानिँदै आएको सन्दर्भमा नेपाली शब्दमात्र नभएर धातु पनि संस्कृतबाटै आएका

छन् भन्ने कुरा तलका उदाहरणबाट स्पष्ट हुन्छ :

| *संस्कृत धातु र अर्थ* | *नेपाली धातु अर्थ* |
|---|---|
| चर् गतौ (जानु) | चर्-चर्नु |
| लिप उपदेहे (लिप्नु) | लिप्-लिप्नु |
| चुट् कलहकर्मणि (कलह/झगडा गर्नु) | चुट्-कुट्नु |
| चल् विकसने (विकसित हुनु) | चल्-चल्नु |
| मान् पूजायाम् (मान्नु/पूजा गर्नु) | मान्- सम्मान गर्नु |
| खन् (खनु) अवदारणे (खन्नु) | खन्- खन्नु |
| चुस् (चुष) पाने (पिउनु/चुस्नु) | चुस्-चुस्नु |
| रट् परिभाषणे ( गुणदोष पर्यालोचन गर्नु) | रट्-घोक्नु |
| हिँड् (हिँडि) गत्यनादरयोः (गति र अनादर) | हिँड्-हिँड्नु |
| लुट् (लुटि) स्तेये (लुट्नु) | लुट्-लुट्नु/डकैती गर्नु |
| खेल् (खेलृ) चलने (गतिशील हुनु/खेल्नु) | खेल्-खेल्नु |
| फल् निष्पत्तौ (फल निस्कनु) | फल्- फल प्राप्ति हुनु |
| मिल् (मिल) सङ्गमे (भेटिनु/मिलन हुनु) | मिल्-मिल्नु/मिसिनु |
| मेट् उन्मादे (उन्मत्त हुनु) | मेट् (मेट्नु/अस्तित्व नामेट गर्नु) |
| राख् (राखृ) शोषणे (शोषण गर्नु | राख्-थन्क्याउनु |
| रेट् (रेट्ट) परिभाषणे (गुणदोष पर्यालोचन) | रेट्-काट्न घाँटीमा हतियार लगाउनु) |

माथिका उदाहरणमा अनुबन्ध वर्ण (रूप रचनामा फाल्नु पर्ने वर्ण) फालेपछि बचेका संस्कृत धातुसँग नेपाली धातुहरू समान देखिएका छन् । भाषावैज्ञानिकहरूले ३ प्रतिशतभन्दा बढी स्वरूपमा समानता देखियो भने त्यो दोस्रो स्वरूप पहिलोबाट प्रभावित भएको मान्नुपर्दछ भनेका छन् । यहाँ यस्ता दुरुस्त मिल्ने उदाहरण ५ प्रतिशतभन्दा धेरै देखिन्छन् त्यसैले संस्कृतका धातुहरू नेपाली धातुनिर्माणका स्रोत हुन् भन्न सकिन्छ ।

**नेपाली धातुरचनामा आंशिक परिवर्तन**

नेपाली धातुरचनामा तद्भव धातुहरूको पनि विशिष्ट योगदान देखिन्छ । शब्दका सन्दर्भमा कुरा गर्ने हो भने तद्भवभन्दा तत्सम शब्द नेपालीमा बढी प्रचलित छन् तर धातुका परिप्रेक्ष्यमा चाहिं ठिक उल्टो अवस्था देखिन्छ अर्थात् नेपालीमा तत्समभन्दा निकै धेरै तद्भव धातुहरू संस्कृतबाट प्रयोग हुन आएका पाइन्छन् । त्यस्ता धातुमा केहीमा आंशिक बदलाव देखिन्छ भने केहीमा चाहिं निकै परिवर्तन पनि देखिन्छ तर अर्थको समानता तथा स्वरूपको पनि अर्धसमानताले यिनीहरू एउटै गुँडका सन्तान हुन् भन्न सकिने अवस्था छ । तलका उदाहरणबाट यो स्पष्ट हुने नै छ :

| *संस्कृत धातु र अर्थ* | *नेपाली धातु अर्थ* |
|---|---|
| तुड् तोडने (तोड्नु) | तोड् (सामान्य अवस्था पार गर्नु) |
| लिख् अक्षरविन्यासे (अक्षर खिप्नु) | लेख् (अक्षर मिलाउनु) |

| | |
|---|---|
| हन् हिंसागत्योः (हिंसा/गति) | हान् (हिर्काउनु) |
| दुह प्रपूरणे (दुहुनु) | दुह् (दुहुनु) |
| लुभ विमोहने (मुग्ध हुनु) | लोभि (आकर्षित/मोहित हुनु) |
| भट परिभाषणे (परिभाषित गर्नु) | भट्याउ (भट्याउने काम गर्नु) |
| हस हसने (हाँस्नु) | हाँस् (हाँस्नु) |
| फुल्ल विकसने (विकसित हुनु) | फुल् (विकसित हुनु/फक्रनु) |
| पठ व्यक्तायां वाचि (स्पष्ट बोल्नु) | पढ् (पाठ गर्नु/घोक्नु) |

यसरी संस्कृतको धातुस्वरूपसँग अंशतः मिल्ने नेपाली धातुहरू नेपालीमा निकै नै प्रयोग हुँदै आएका देखिन्छन् । यिनीहरूको धातुनिर्दिष्ट अर्थ पनि नेपाली लोकपरम्परामा प्रचलित अर्थसँग धेरै मिल्दोजुल्दो देखिन्छ र स्वरूप पनि अंशतः मिलेकाले यी तद्भव धातु हुन् भन्ने यस पङ्क्तिकारको ठम्याइ रहेको छ ।

**आगत धातुहरूमा अर्थगत समानता**

संस्कृतको लौकिक कालबाट आजको अवस्थासम्म आइपुग्दा संस्कृतभाषाले करिब ५ हजार वर्षको यात्रा पूरा गरेको देखिन्छ । यस अवधिमा सर्जकले, लोकले, समालोचकले तथा भाषा र वाङ्मयसम्बद्ध अरू पनि पक्षले धातुपाठमा निर्दिष्ट अर्थलाई प्रायशः पछ्याएका छन् । ग्रीक, ल्याटिनजस्तै संस्कृत पनि शास्त्रीय भाषा रहेको र यसलाई लोकले भन्दा पनि शास्त्रले जीवित तुल्याएको एवम् ती शास्त्र र सिर्जना प्रायः लेख्य अभिलेखमा केन्द्रित रहेकाले धातुका र त्यसबाट निर्मित क्रियाका अर्थहरू धेरैजसो स्थिर देखिएका छन् । संस्कृतबाट नेपालीमा आइपुग्दा पनि धेरै धातुका अर्थमा बदलाव आएको देखिँदैन । यहाँ यस्तो अर्थसाम्यताबारे स्पष्ट पार्ने प्रयास गरिएको छ :

| ***संस्कृत धातु र अर्थ*** | ***नेपाली धातु अर्थ*** |
|---|---|
| लिप् उपदेहे (उपदेहो वृद्धिः) लिम्पति | लिप्-लिप्नु/पोत्नु |
| हसे हसने- हसति | हाँस्-हाँस्नु |
| फल निष्पत्तौ- फलति | फल्-फल्नु |
| चुट्,छुट् छेदने चुटति,छुटति | चुट्टि,छुट्टि- चुट्टिनु,छुट्टिनु |
| मिल सङ्गमे- मिलति | मिल्-मिल्नु |
| लग् (लगि) गतौ- लङ्गति | लाग्-लाग्नु/प्रवृत्त हुनु |
| हिँड् (हिँडि) गतौ- हिण्डति | हिँड्-हिँड्नु/प्रस्थान गर्नु |
| खन् (खनु) अवदारणे - खनति | खन्-खन्नु/जमिन खोस्रनु |

संस्कृतमा उपदेहको अर्थ वृद्धि गरिएको छ । भुइँ लिप्दा त्यहाँ माटो थपिने भएकाले, शरीरमा अङ्गराग/लेप लगाउँदा पनि लगाइने वस्तु थपिने भएकाले लिप्नुलाई वृद्धि भनिएको हुनु पर्दछ । संस्कृत वाङ्मयमा लिम्पतीव तवाङ्गानि जस्ता पङ्क्तिमा शरीरमा लेपन गर्ने अर्थमा र नेपालीमा पनि भुइँ लिप्ने/शरीरमा लेप लगाउने अर्थमा उक्त धातु प्रयोग भएकाले यी दुईबीच समानता देखिन्छ । त्यस्तै दोस्रोको हाँस्नु, तेस्रोको फलप्राप्ति हुनु/फल लाग्नु, चौथोको चुट्टिनु/चुँडिनु र छुट्टिनु, पाँचौंको मिल्नु, छैटौंको लाग्नु/जानु, सातौंको हिँड्नु/जानु तथा आठौंका खन्नु अर्थ संस्कृतमा र नेपालीमा प्रायः समान छन् । यिनै अर्थलाई नेपाली लोकले पनि प्रयोग गर्दै आएको छ । अतः यी र यस्ता धातुपाठमा निर्दिष्ट अर्थ तथा नेपाली लोकव्यवहारले पचाएका अर्थ समान छन् भन्न सकिन्छ ।

## आगत धातुहरूमा अर्थपरिवर्तन

एउटा भाषाको रूपलाई अर्को भाषामा अनुकरण गरिँदा अर्थमा पनि परिवर्तन आउनु स्वाभाविक मानिन्छ। वेदमा देवता बुझाउन प्रयोग भएको असुर शब्द लौकिक कालमा आइपुग्दा अर्थ परिवर्तित भई राक्षस भन्ने अर्थमा प्रसिद्ध हुन पुग्यो। यसलाई भाषाविज्ञानले अर्थादेश भन्ने गरेको छ। त्यस्तै पहिले मूर्ख, कमजोर बुझाउन *मुग्धबोधव्याकरण* (वोपदेवरचित) आदिमा प्रयोग गरिँदै आएको मुग्धशब्द अहिले मोहित भन्ने अर्थमा परिवर्तित (अर्थोत्कर्षित) भयो (न्यौपाने,२०५१:७७)। पहिले ठूला भवन, घर, देवगृह आदिलाई बुझाउने मन्दिर शब्दले अहिले देवगृहमात्र बुझाउन थाले। यहाँ पनि मन्दिरको अर्थमा सङ्कुचन आयो। त्यसैगरी प्राचीन कालमा धनुबाणमा अभ्यास गर्ने सन्दर्भमा प्रयोग गरिएको अभ्यास शब्द अहिले जुनसुकै काममा पनि फलप्राप्तिका लागि गरिने बारम्बारको प्रयास भन्ने अर्थमा बिस्तारित हुन पुग्यो। यसैगरी पहिला भलो अर्थमा प्रयोग हुने गरेको भद्र-भद्दा शब्द अहिले आएर छेकछन्द नमिलेको कुरूप आदि अर्थमा अपकर्षित हुन पुग्यो। यस्ता परिवर्तन अर्थादेश, अर्थोत्कर्ष, अर्थापकर्ष, अर्थविस्तार,अर्थसङ्कोच आदि तहमा भएका देखिन्छन्। यी सबै अर्थगत परिवर्तन हुन् र यी शब्दमा मात्र नभएर धातुमा पनि देखिएका छन्। संस्कृतबाट नेपाली धातु बन्ने क्रममा लोकबाट/शास्त्रबाट गरिएका यस किसिमका अर्थगत परिवर्तनलाई यहाँ प्राप्त भएसम्मका उदाहरणमार्फत् उल्लेख गर्ने प्रयास गरिएको छ।

### अर्थादेश

पुरानो अर्थलाई नयाँ अर्थले विस्थापित गर्नु अर्थादेश हो। पाणिनीय परम्परामा रहेको 'शत्रुवद् आदेशः' (आदेश शत्रुजस्तै हुन्छ) भन्ने भनाइले यही कुरालाई पुष्टि गर्दछ। अतः अर्थादेशमा पुरानो अर्थ हटेर नयाँ अर्थ आउँछ।

शब्दमा जस्तै धातुमा पनि अर्थादेश भएका यस्ता उदाहरण यत्रतत्र पाइन्छन्। हुन त शास्त्रीय भाषामा अर्थादेशजन्य यस्ता परिवर्तन लोकभाषित भाषाका तुलनामा कमै देखिन्छन् र पनि समयले, शास्त्रले, परिवेशले र अरु पनि कुराले अर्थमा स्पष्ट परिवर्तन ल्याएका हुन्छन्। यहाँ नेपालीमा प्रयोग हुन आएका तत्सम र तद्भव धातुहरूमा केकस्तो अर्थादेश पाइँदो रहेछ भन्नेबारे सङ्क्षेपमा चर्चा गरिन्छ :

| ***संस्कृत धातु र अर्थ*** | ***नेपाली धातु अर्थ*** |
|---|---|
| राख् (राखृ) शोषणे (शोषण गर्नु) | राख्-थन्क्याउनु,जोगाउनु,जतन गर्नु। |
| मेट् (मेटृ) उन्मादे (चित्तविभ्रम) | मेट्-नामेट पार्नु, हटाउनु, पुछ्नु। |
| रट परिभाषणे (गुणदोष पर्यालोचन) | रट्-घोक्नु,कण्ठस्थ पार्नु। |
| चल् (चलि) कम्पने (हल्लिनु) | चल्-हिँड्नु, जानु, झगडा गर्नु |
| रह त्यागे (त्याग गर्नु) | रह-बस्नु, टिक्नु, मौजुद हुनु, गतिमा अडान आउनु। |

### अर्थोत्कर्ष

कुनै पद/धातुले अनुदात्त अर्थलाई त्यागेर उदात्त अर्थलाई ग्रहण गर्नु अर्थोत्कर्ष हो। साहस शब्द पहिले चोरी, डकैती, हिंसा आदिमा आँट गर्ने अर्थमा प्रसिद्ध थियो तर हिजोआज असल कामका लागि हिम्मत देखाउने सन्दर्भमा बढुवा भएकाले यहाँ अर्थोत्कर्ष भएको देख्न सकिन्छ। यसरी शब्दमा जस्तै धातुमा पनि रूप परिवर्तन

हुँदा/नहुँदा अर्थोत्कर्ष भएको देखिन्छ। तलका केही उदाहरणले यसलाई पुष्टि गर्नेछन् :

| *संस्कृत धातु र अर्थ* | *नेपाली धातु अर्थ* |
|---|---|
| नृत् (नृती) गात्रविक्षेपे (शरीर हल्लाउनु) | नाँच्-हाउभाउ मिलाएर अङ्गसञ्चालन गर्नु |
| तप् (तप) दाहे (शरीर डढाउनु/ताप) | तप्-कष्टसाध्य काम गर्नु,कडा परिश्रम गर्नु |
| खेल् (खेलृ) चलने (चलमलाउनु) | खेल्-शारीरिक अभ्यास गर्नु, रमाउनु, शरीर चलाउनु आदि |

एउटा प्राचीन भाषाबाट अर्को आधुनिक भाषामा शब्द/धातुका रूपहरू आउँदा समय, परिवेश, स्थान, तत्कालीन वातावरण, त्यतिबेलाका प्रचलित भाषाको प्रभाव आदिले अनुकृत भाषाका अर्थमा पनि परिवर्तन ल्याउन सक्छ र त्यसरी परिवर्तन हुँदा कतिपय संरचनामा अर्थोत्कर्ष हुन सक्छ भन्ने कुरा माथिका उदाहरणहरूले स्पष्ट पारेका छन्।

**अर्थापकर्ष**

पहिले उच्च/उदात्त अर्थमा प्रयोग हुँदै आएको संरचना कालान्तरमा हीनकोटि/अनुदात्त अर्थमा परिवर्तित हुनु अर्थापकर्ष हो। गुरु,पण्डित आदि शब्दका अर्थ अहिले घटुवा भएर ड्राइभर,पुरोहित जस्ता सामान्य अर्थमा रूपान्तरित हुनु अर्थापकर्ष हो। यसमा विशिष्ट अर्थ सामान्यीकृत हुने गर्दछ। मानिसहरू थोरै हानि हुँदा पनि सत्यनाश भयो भन्दछन्, सर्वनाश भयो भन्ने गर्दछन्। यसरी प्रयुक्त सत्यनाश र सर्वनाश शब्दमा अर्थापकर्ष भएको मानिन्छ। त्यस्तै नेता शब्दले पहिले मार्गदर्शक,पथप्रदर्शक जस्ता राम्रा अर्थ बुझाउथे तर हिजोआज स्वार्थी, द्रव्यपिशाच, ठगार, जनतामारा आदि अर्थ बुझाउँछन् तसर्थ यसमा पनि अर्थावनति भएको मान्न सकिन्छ। यसरी शब्द तथा धातुमा हुने अर्थको अवनति नै अर्थापकर्ष हो। संस्कृतस्रोतबाट नेपालीमा प्रयोग/प्रचलनमा आएका धातुमा पनि थुप्रै ठाउँमा अर्थापकर्ष भएका छन्। यहाँ नमुनाका लागि केही उदाहरण प्रस्तुत छन् :

| *संस्कृत धातु र अर्थ* | *नेपाली धातु अर्थ* |
|---|---|
| चुट् कलहकर्मणि (झगडा) | चुट्- कुट्नु, हिर्काउनु |
| वह प्रापणे (पुग्नु) | बग्- बग्नु,निरुद्देश्य भएर जानु |
| चुड संवरणे (आवरण,इन्द्रियसंयम) | चुड्-टिप्नु,छिनाएर टुक्रा पार्नु |
| हिँड् (हिँडि) गत्यनादरयोः (गति र अनादर) | हिँड्-पदयात्रा गर्नु,अर्को पोइसँग जानु |
| चुप मन्दायां गतौ (मन्द आवाज बनाउनु) चुप्पति | चुप लाग्- आवाजविहीन हुनु |

**अर्थविस्तार**

अर्थको क्षेत्रविस्तार हुनु, एक दुई अर्थमा सीमित संरचनाले धेरै अर्थ बताउनु तथा अर्थको सीमा फराकिलो हुनु अर्थविस्तार हो। अर्को शब्दमा भन्ने हो भने विशेष अर्थको अविवक्षा तथा सामान्यको विवक्षा नै अर्थविस्तार हो। यस किसिमको अर्थविस्तार, तात्स्थ्य, ताद्धर्म्य, तत्सामीप्य, तत्साहचर्य आदि कारणबाट हुन सक्छ भन्ने आचार्य नागेशको धारणा रहेको देखिन्छ। गच्छतीति गौ विग्रह गरेर गौको पहिले गाई अर्थ गरिएको थियो, पछि आचार्य यास्कले विचार गरे- हिँड्ने प्राणी गाईमात्र होइन समस्त पशु, पृथ्वी, चन्द्र, सूर्य, प्रकाश आदि पनि हुन्, त्यसैले ती सबै गौ हुन् भन्ने अर्थ उनले गरे। यसरी कालान्तरमा गाई शब्दमा अर्थविस्तार गरियो। त्यस्तै गवेषणा शब्दले पहिले गाईको खोजी भन्ने अर्थ बुझाउँथ्यो त्यो अर्थ कालान्तरमा सबै किसिमका खोजअनुसन्धानमा विस्तारित हुन

पुग्यो र साहित्यसमालोचनादेखि लिएर विज्ञानप्रविधिसम्मका खोजअनुसन्धानहरू गवेषणा हुन पुगे। कक्ष शब्दले पहिले घोडाको बासस्थानमात्र बुझाउथ्यो पछि यो सबैको आश्रयस्थान, बासस्थान आदि अर्थमा विस्तारित हुन पुग्यो त्यसैले यसमा अर्थविस्तार भयो। संस्कृतबाट नेपालीमा प्रयोग हुन आएका तत्सम तथा तद्भव शब्दमा मात्र होइन धातुमा पनि यस किसिमको अर्थविस्तार भएको देखिएको छ। यहाँ तीमध्ये केही उदाहरणार्थ प्रस्तुत छन् :

| ***संस्कृत धातु र अर्थ*** | ***नेपाली धातु अर्थ*** |
|---|---|
| लिख् अक्षरविन्यासे (अक्षर मिलाउनु) लिखति | लेख्-लेख्नु,सार्नु,अक्षर खिप्नु |
| फुल् (फुल्ल) विकसने (विकसित हुनु) फुल्लति | फुल्-फुल्नु,फैलिनु,सुन्निनु,रिसाउनु आदि। |
| पठ् (पठ) व्यक्तायां वाचि (स्पष्ट बोल्नु) पठति | पढ्-पाठ गर्नु,घोक्नु,विद्याभ्यास गर्नु |
| जागृ-जाग् निद्राक्षये (बिउझिनु) जाग्रति | जाग्-बिउझनु, चेतना प्राप्त गर्नु, बिरुवा सर्नु |
| तप् (तप) दाहे (शरीर डढाउनु/ताप) तपति | तप्-कष्टसाध्य काम गर्नु,कडा परिश्रम गर्नु |
| तुड तोडने (पृथक् बनाउनु) तुडति | तोड्-तोड्नु,भाँच्नु,बिगार्नु,तोडमोड गर्नु। |
| चल विकसने (विकसित हुनु) | चल्-जानु,जिस्कनु,चलमलाउनु |

**अर्थसङ्कोच**

सामान्य अर्थबाट विशिष्ट अर्थतर्फ प्रवृत्त हुनु अर्थसङ्कोच हो। भाषाविद् ब्रिलले - मानवजातिको विकास सँगसँगै ऊ विशिष्टतातर्फ लम्किएको देखिन्छ भनेअनुसार अरू कुरामा जस्तै भाषिक प्रयोगमा पनि मान्छे विशिष्टतातर्फ लम्किएको पाइन्छ। विशिष्ट हुनु भनेको अरू सामान्यभन्दा फरक हुन खोज्नु हो। त्यस्तो भिन्नताको क्षेत्र साँघुरो हुन्छ र फलतः अर्थसङ्कोच हुन जान्छ। मृगशब्द पहिले जङ्गलका सबै किसिमका पशुका लागि प्रसिद्ध थियो तर कालान्तरमा हरिण अर्थमा सीमित हुन पुग्यो। पहिले वास शब्दले गन्धमात्र बुझाउँथ्यो तर अहिले दुर्गन्ध बुझाउन थाल्यो, पहिले विकारले असर/परिवर्तनलाई मात्र सङ्केत गर्दथ्यो तर हिजोआज भने बिग्रिएको अवस्थालाई बुझाउन थाल्यो, यी सबै विशिष्टतातर्फ लम्कँदा भएका अर्थगत सङ्कोच हुन्। शब्दमा मात्र होइन धातुमा पनि यस्तो परिवर्तन देखिएको छ। यहाँ संस्कृतबाट नेपालीमा प्रयोग हुन आएका तत्सम तथा तद्भव धातुमा पाइने अर्थसङ्कोचलाई प्रस्तुत गरिन्छ :

| ***संस्कृत धातु र अर्थ*** | ***नेपाली धातु अर्थ*** |
|---|---|
| *सह (षह) मर्षणे (मर्षणं क्षमाऽभिभवश्च) क्षमा,पराजय* | *सह-पीडा खप्नु, धैर्य गर्नु* |
| भृ-भर् (डुभृञ्) धारणपोषणयोः (धारण र पोषण) | भर्-भर्नु अर्थमात्र ग्रहण। |
| कस् गतौ शासने च (गति र शासन गर्नु) | कस्- शासन अर्थमात्र ग्रहण |

यसरी संस्कृतका धातुहरूमा पनि कताकता अर्थसङ्कोच भएका उदाहरणहरू नेपालीमा प्रयोग हुन आएका छन्।

**निष्कर्ष र उपलब्धि**

धातुमा विभिन्न प्रत्यय गाँसिएर बन्ने क्रियापदले विभिन्न काल र पक्ष, भाव, वाच्य, ध्रुवत्व आदिलाई बताउँछ तसर्थ क्रियाबाट बोध्य अर्थको मूल धातु हो। धातुको यही मूल अर्थमा कालबोधक प्रत्यय थपँदा कालबोधक क्रिया र भावबोधक प्रत्यय थपँदा चाहिँ भावबोधक क्रिया बन्दछन्। अतः क्रियाले दिने अर्थ काल र यसका पक्ष, भाव, वाच्य, ध्रुवत्व आदि मात्रै हुन्। प्रत्ययसँग मिसिनुपूर्वको धातुले निर्धारित अर्थलाई धारण एवम् परिपोषण गर्ने भएकाले धातुको धारण र पोषण अर्थ (धीयतेऽर्थः यस्मिन् स धातुः) सार्थक छ।

प्रकृति र प्रत्ययको पृथक् प्रकल्पना गर्ने पहिला संस्कृत आचार्य इन्द्र हुन्, सम्भवतः यिनले नै धातुको पनि परिकल्पना गरेका हुन् । त्यसपछिका आचार्य काशकृत्स्नले धातुबारे व्यापक चर्चा गरेका छन् । पाणिनिले पनि पूर्ववर्तीहरूलाई जोडेर १९४३ धातुहरूको सङ्कलन गरी धातुपाठ निर्माण गरेका छन् । यीबाहेक लौकिक र वैदिक संस्कृत परम्परामा अपाणिनीय ८०० जति धातु उल्लिखित छन्, यी सबैलाई जोड्दा संस्कृत परम्परामा करिब २७००-३००० धातुको अस्तित्व देखिन्छ । यी धातुमध्येबाट नेपालीमा करिब ५ प्रतिशत धातु जस्ताको तस्तै प्रयोग हुन आएका छन्, यस्ता कथ्, खन्, दल्, गम्, लङ् आदिलाई यहाँ तत्सम धातु भनिएको छ । नेपालीमा प्रयोग भइ रहेका धातुमध्ये करिब १०-१५ प्रतिशत चाहिं संस्कृतधातुका मूल स्वरूपमा बदलाव आएर बनेका छन् । यसरी आंशिक परिवर्तन भएर नेपाली धातु बन्ने क्रममा कतै एउटै संस्कृत धातुबाट अनेकौं तद्भव धातु निर्माण भएको, कतै एउटै संस्कृत धातुबाट एउटामात्र नेपाली धातु बनेको, कतै एउटै धातुको स्वरूप फरक-फरक देखिएको लगायतका प्रजननसम्बन्धी विविधता र अनेकौं वैकल्पिकता छन् । छाद्, दि, उघार्, दाउ, काट् आदि धातुलाई नेपाली परम्परामा तद्भव धातु भन्ने गरिएको छ । यद्यपि यस्ता धातुमध्ये कतिपयको संस्कृतस्रोत अनुसन्धेय, शङ्कास्पद र विवादित मानिएको छ र पनि यिनीहरूलाई बहुसङ्ख्यकद्वारा तद्भव धातु मान्ने गरिएको छ । नेपालीमा प्रयोग भइरहेका तेस्रो वर्गका धातुहरू अनुकरणमूलका छन्, खनखनाउ, गडगडाउ, थरथराउ, टकटकाउ आदि यसका उदाहरण हुन् । चौथो वर्गका धातु कति आगन्तुक र कति चाहिँ स्रोत पत्ता नलागेका छन्, यिनीहरूमध्येका स्रोत नखुलेका कतिपय धातु प्राकृत र अपभ्रंश स्रोतका हुन् भनी अनुमान गरिएको छ । अटाउ, छाड्, टिक्, ठोक्, ठेल् आदि धातु कुन भाषिक स्रोतबाट आएका हुन् भन्नेबारे स्पष्ट हुन सकेको छैन । घुराउ, लड्खडाउ, गम् (विचार गर्नु, गम्नु अर्थ भएको) जस्ता धातु चाहिं नेपालीमा हिन्दी लगायतका आगन्तुक स्रोतबाट आएका हुन् । यसरी नेपालीमा मूलतः चार स्रोतका धातुहरू प्रयोग भइरहेका देखिन्छन् ।

नेपाली धातुका स्वरूपमात्र नभएर अर्थ पनि संस्कृत धातुसँग दुरुस्त मिल्ने उदाहरण नेपाली परम्परामा प्रशस्त पाइन्छन् । साथै संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै नेपालीमा आइपुग्दा कतिपय धातुका अर्थमा अंशतः परिवर्तन भएका पनि देखिन्छन्, यसरी अर्थादेश, अर्थविस्तार, अर्थसङ्कोच, अर्थोत्कर्ष र अर्थापकर्ष भएका नेपाली धातुहरू भाषा तथा वाङ्मयमा धेरै नै प्रयोग अवस्थामा छन् । तसर्थ नेपाली धातुरचनामा संस्कृत धातुहरूको प्रत्यक्ष प्रभाव देख्न सकिन्छ ।

**सन्दर्भसामग्रीहरू**

आचार्य, हरिप्रसाद (२०६०), *अष्टाध्यायी (शारदाप्रभायुता),* दाङ : महेन्द्रसंस्कृत विश्वविद्यालय ।

खनाल, चक्रपाणि (२०६५), *नेपाली क्रियाका अर्थतात्त्विक र वाक्यतात्त्विक आयामहरू,* विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान ।

चापागाई, नरेन्द्र (२०५१) *शब्द, वाक्य र अभिव्यक्ति, (तृ.सं.), काठमाडौं : रत्नपुस्तक भण्डार ।*

झा, सृजन (२०७३) *धातुरूपाणि÷धातुरूपमाला,* (धातुरूपप्रकाशकयन्त्रकोश) मुम्बई : मदनमोहनझा ।

दाहाल, दुर्गाप्रसाद र अन्य (२०७५), *अनुसन्धान विधि,* काठमाडौं : एम.के.पब्लिसर्स ।

न्यौपाने, टङ्कप्रसाद (२०५१), *भाषाविज्ञानको रूपरेखा,* धरानः नेपाल बुक डिपो ।

पण्डित, हेमराज (१९६९), *चन्द्रिका व्याकरण, काठमाडौंः साझा प्रकाशन ।*

पाणिनि (इ.१९६९), *धातुपाठः (धात्वर्थप्रकाशिकायुतः),* वाराणसीः चौखम्बा संस्कृत सिरिज ।

पाण्डे, गोपाल (२०२९), *रचना केशर,* काठमाडौंः साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०४५), 'नेपाली सरल र संयुक्त क्रिया' *नेपाली व्याकरणका केही पक्ष (सम्पा. चूडामणि बन्धु), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।*

बन्धु, चूडामणि (२०५०),*भाषाविज्ञान,* काठमाडौंः साझा प्रकाशन ।

भट्टराई, रोहिणीप्रसाद (२०३३), *बृहत् नेपाली व्याकरण,* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, पारसमणि र अन्य (२०७५), *अनुसन्धान विधि,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

मीमांसक, युधिष्ठिर (२०१९), *संस्कृत व्याकरणशास्त्रका इतिहास (द्वितीयभाग),* अजमेरः भारतीय प्राच्यविद्या प्रतिष्ठान ।

यास्कः (२०२७), *निरुक्तम् (कश्यप्रजापतिकृतनिघन्टुसहितम्),* गुजरातः श्रीब्रह्मलीनमुनि ।

रेग्मी, चूडामणि (२०३२), *नेपाली भाषाको उत्पत्ति,* (दो.सं.), ललितपुरः साझा प्रकाशन ।

वरदराजः (इ.१९९७), *लघुसिद्धान्तकौमुदी* (श्रीधरी व्याख्यायुता) मोतीलालबनारसीदासः दिल्ली ।

वाजपेयी, किशोरीदास (२०२३), *हिन्दी शब्दानुशासन,* वाराणसीः नागरिणी प्रचारिणी सभा ।

विश्वकर्मा, विक्रम (ई.२०१७), 'नेपाली क्रियापदको संरचनाः धातु र प्रत्ययका सन्दर्भमा' *अभिज्ञान* (वर्ष-६, अङ्क-६),सिलिगुढी : उत्तरबङ्ग विश्वविद्यालय ।

शर्मा, मोहनराज (२०६२) *शब्दरचना र वर्णविन्यास,* काठमाडौंः नवीन प्रकाशन ।